प्रेस विज्ञप्तिः

भन्सार विभागले ७१औ अन्तर्राष्ट्रिय भन्सार दिवस १२ माघ २०७९ का दिन भव्यताका साथ मनाएको छ। यस वर्षको लागि विश्व भन्सार संगठनले तय गरेको नारा Nurturing the Next Generation: Promoting the Culture of Knowledge Sharing and Professional Pride in Customs. लाई आत्मसाथ गर्दै विभागले माननीय उप-प्रधानमन्त्री तथा अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेलज्यूको प्रमुख आतिथ्यता र सचिव, अर्थ मन्त्रालय श्री तोयम राया, सचिव(राजस्व), डा. रामप्रसाद घिमिरेको विशेष आतिथ्यतामा मूल समारोह समितिले आयोजना गरेको छ।

उक्त कार्यक्रममा अर्थ मन्त्रालयका सह-सचिवहरु, पूर्व महानिर्देशकहरु, राजस्व अनुसंधान विभाग, आन्तरिक राजस्व विभाग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभागका महानिर्देशकहरु, सार्वजनिक वित्त तालिम केन्द्र प्रमुख, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय प्रमुख, भन्सार विभागका उप-महानिर्देशकहरु, भन्सार जाँचपास परीक्षण कार्यालयका प्रमुख प्रशासक, त्रिविस्थल भन्सार कार्यालयका प्रमुख प्रशासक, निजी क्षेत्रबाट नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल उद्योग व्यापार महासंघ, नेपाल समुन्द्रपार निकासी पैठारी संघ लगायत बस्तुगत संगठनका पदाधिकारी एवं प्रतिनिधीहरु, भन्सार विभागका निर्देशक तथा सम्पूर्ण कर्मचारीहरु, संचारकर्मीहरु लगायत भन्सार सम्बद्ध अन्य निकाय तथा सरोकारवालाहरुको उपस्थिति रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि माननीय उप-प्रधानमन्त्री तथा अर्थ मन्त्री श्री विष्णु प्रसाद पौडेलबाट पानसमा दियो जलाई कार्यक्रमको समुद्घाटन गर्नु भएको थियो। प्रमुख अतिथिबाट भन्सार विभागले प्रकाशनको लागि तयार गरेको भन्सार स्मारिका २०७९ को विमोचन गरिएको थियो।सोही कार्यक्रमलाई सम्बोधन गर्दै माननीय उप-प्रधानमन्त्री तथा अर्थ मन्त्रीले भन्सार दिवस औपचारिकतामा मात्रै सिमित नभई निश्चित सन्देश र प्रतिबद्धतालाई कार्यान्वयनमा लैजाने कार्य प्रारम्भ हुनेछ भनि शुभकामना व्यक्त गर्नु भएको थियो।उहाँले भन्सारको व्यापार सहजीकरण, राजस्व सङ्कलन, सामाजिक सुरक्षा लगायतको उद्धेश्य पूर्ति गर्नु सबैको अभिभारा भएको हुनाले भन्सारका समस्या र समाधानको पहिचान हुनु पर्ने बताउनु भएको थियो । विश्व भन्सार संगठनले अवलम्बन गरेको प्रविधिको प्रभावकारी हिसावले आत्मासाथ गर्दै आधुनिकीकरण, सूचना प्रविधि, पुर्वाधार विकास गर्दै व्यापार लागत कम गर्ने तर्फ जोड दिनु भएको थियो। उहाँले कर्मचारीलाई उच्च सदाचारमा रही कानूनको कार्यान्वयन, भ्रष्टाचारमा शून्य सहनशीलता र जनताको गुनासो नआउने हिसावले सेवा प्रवाह गर्न निर्देशन दिनु भएको थियो ।चालु वर्षको भन्सार तथ्याङ्कले राजस्व सङ्कलन लक्ष्य भन्दा न्यून रहेको तर्फ इङ्कित गर्दै गत वर्षको सोहि अवधिको तुलनामा १६ प्रतिशतले राजस्वको लक्ष्यको तुलनामा सङ्कलनमा कमि रहेको र सोहि कारणले शीर निहुराउनु परेको बताउनु भएको थियो । यसरी कम राजस्व सङ्कलन हुनु कार्यसम्पादन प्रति गम्भीर चुनौति रहेको र नकारात्मक आँकडामा चित्त बुझाउने स्थिति नरहेको हुनाले यसमा सुधार हुनु पर्नेमा जोड दिनु भएको थियो। हाल भन्सार विन्दुहरुबाट मालवस्तुको आयात घटेको, सीमावर्ति बजारको कारोवारको अवस्था खस्कदै गरेको प्रति इमानदार व्यवसायीले प्रस्तुत गरेको चिन्तालाई उजागर गर्दै सो को निराकरणका लागि कदम चाल्नु पर्ने बताउनु भएको थियो। उहाँले भन्सार प्रशासनको दक्षता अभिबृद्धि र वृत्ति विकासमा जोड दिदैं सही कार्य गरेको बेला कर्मचारीहरुको प्रतिरक्षा गर्ने आश्वासन समेत दिनु भएको थियो । साथै, उहाँले निजी क्षेत्रलाई कर कानूनको परिपालना गर्न समेत अनुरोध गर्नु भएको थियो।

सोहि कार्यक्रममा मन्तव्य प्रस्तुत गर्ने क्रममा अर्थ मन्त्रालयका सचिव श्री तोयम रायाले भन्सार प्रशासनले नेपाल एकद्बार प्रणालीको प्रयोगको माध्यमबाट प्रविधिमा ठूलो फड्को मारेको जानकारी गराउनु भएको थियो। निजी क्षेत्रले विश्वसनीय व्यवसायीको माध्यमबाट भन्सार जाँचपासको वातावरणमा सुधारको अपेक्षा राखेको बताउनु हुदै त्यसतर्फ

कानूनी व्यवस्थालाई प्रभावकारी बनाउने बिचार राख्नु भएको थियो।उहाँले कार्यक्रमलाई सम्बोधन गर्दै उत्पादनमूखी अर्थतन्त्र बनाउन निजी क्षेत्रलाई कर कानूनको पालना गर्न आग्रह गर्नु भएको थियो। उहाँले निजी क्षेत्रबाट प्रस्तुत भएका कच्चा मालवस्तु र तयारी वस्तुबीच भन्सारको दरको एक तहको फरक हुनुपर्ने, वाणिज्य बैंकको एकीकरण, भन्सार विन्दुमा क्वारेन्टिनको आवश्यकता लगायतको विषयलाई सम्बोधनको क्रममा राख्नुहुदै अर्थतन्त्रको परिसूचक तथा आँकडाको विश्लेषण गर्दै वैध र पारदर्शी व्यापारलाई अगाडि बढाउन आवश्यक रहेको बताउनु भएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै सचिव (राजस्व), डा. रामप्रसाद घिमिरेले भन्सार दिवसको शुभकामना दिदैं भन्सार प्रशासनलाई मर्यादित र पारदर्शी बनाउने तर्फ जोड दिनुभएको थियो । उहाँले मर्यादित भएर कार्य गर्ने निजी क्षेत्रलाई सहजीकरण गर्न, राजस्व चुहावटमा संलग्न हुनेलाई कारबाही गर्न, अनौपचारिक अर्थतन्त्रलाई दायरामा ल्याउन प्रोत्साहन तथा नियमनमा समेत केन्द्रित रहन निर्देशन प्रदान गर्नु भएको थियो। साथै, उहाँले व्यवसायीले उठान गर्नु भएको मुद्दाको सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो।

सोही कार्यक्रममा निजी क्षेत्रको तर्फबाट नेपाल समुन्द्रपार निकासी पैठारी संघ, नेपाल उद्योग व्यापार महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग वाणिज्य महासंघ लगायतका उपस्थित प्रतिनिधिहरुले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो। भन्सार विभागबाट गरिएका सुधारको बारेमा खुला रुपमा प्रसंशा गर्नुहुदै नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री दिनेश श्रेष्ठले मालवस्तुको मुल्याङ्कन विवादको निरुपण र खुला सिमानाका कारण नेपाली व्यवसायीलाई परेको मर्काको सुनुवाई हुनुपर्दछ भन्नु भयो।

कार्यक्रमको अध्यक्ष भन्सार विभागका महानिर्देशक श्री चक्र बहादुर बुढाले कार्यक्रमको समापन मन्तव्य व्यक्त गर्दै चालु आ. व.२०७९/८० को राजस्व संकलनको लक्ष्य पुरा गर्न प्रयासरत रहेको र कार्यालयहरुबाट वैकल्पिक कार्ययोजना बनाई राजस्व संकलनको लक्ष्य पुरा गर्न निर्देशन गरिएको बताउनु भयो।भन्सार विभागको आयोजनामा संचालित कार्यक्रममा उपस्थित हुनु भएका प्रमुख अतिथि माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेल लगायत विशिष्ट अतिथि श्रीमान् सचिवद्बय श्री तोयम राया, डा. रामप्रसाद घिमिरे तथा अन्य सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै ७१औं अन्तर्राष्ट्रिय भन्सार दिवसको उपलक्ष्यमा पुरस्कृत तथा सम्मानित हुनु हुने कर्मचारीहरु र भन्सार एजेन्टहरुलाई वधाई तथा शुभकामना समेत दिनु भएको थियो।

भन्सार विभागको सगरमाथा हलमा सम्पन्न उक्त कार्यक्रममा उपस्थित प्रमुख अतिथि लगायत सबै पाहुनाहरुलाई भन्सार विभागका उपमहानिर्देशक डिलाराम पन्थीले स्वागत गर्नु भएको थियो । कार्यक्रमको संचालन निर्देशक पुण्यविक्रम खड्काले गर्नुभएको थियो।

१२ माघ २०७९

भन्सार विभाग त्रिपुरेश्वर।